# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३] काठमाडौं, पौष १ गते २०२० साल [संख्या ३५

श्री ५ को सरकार

गृह मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको जेल नियमहरू २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### जेल नियमावली, २०२०

जेल ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी ५ को सरकारले देहायको नियमहरू बनाएको छः–

### परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यीनियमहरूको नाम "जेल नियमावली, २०२०' रहेको छ ।

(२) यो नियमावली २०२० साल भाद्र १ गतेदेखि प्रारम्भ हुनेछ

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले जेल एन सम्झनुपर्छ,



५२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "खोर" भन्नाले साधारणतः केवल थुनुवालाई राख्नका निमित्त बनेका वा तोकिएका घर कोठा वा त्यस्तै अरू ठाउं वा ठाउंले चचको जग्गालाई समेत जनाउंछ। यस नियमावलीको तात्पर्यको लागि खोर भनी स्पष्ट उल्लेख भएकोमा बाहेक जेल भन्ने शब्दले खोरलाई समेत जनाउंछ।

## परिच्छेद–२

### थुनुवा वा कैदीलाई राख्ने र छाड्ने

३. व्यवस्थाः– (१) श्री ५ को सरकारले चाहिएको ठाउंमा एउटा जेलको व्यवस्था गर्नेछ। यस्तो जेलमा सो जिल्लाभरका कैदी थुनुवाहरू राखिनेछन्। श्री ५ को सरकारले सामान्य आदेशद्वारा तोकिदिएका अवस्थामा अन्य जिल्लाहरूको कैदी थुनुवा पनि रहन सक्दछ।

(२) श्री ५ को सरकारले आवश्यक देखेको ठाउंमा जेलको अतिरिक्त खोरको पनि व्यवस्था गर्न सक्नेछ। खोरको व्यवस्था भएको ठाउंमा खोरमा साधारणतःकेवल थुनुवालाई मात्र राखिनेछ।

४. जेल अफिसले बुझिलिनेः– (१) प्रत्येक जिल्लाका जेल अफिसले सो जिल्लाभित्रका निम्नलिखित प्रकारका अड्डाले पठाएका कैदी वा थुनुवालाई बुझी लिनुपर्दछ।

(क) जिल्लास्थित अदालतहरूबाट,

(ख) जिल्लास्थित बडाहाकिम वा मेजिष्ट्रेटहरूबाट बडाहाकिमको काम गर्ने प्रशासकीय अधिकार पाएका अञ्चलाधीशहरूबाट,

(ग) प्रचलित कानून बमोजिम थुनी कारवाही गर्न नपाउने वा कैद हुने गरी सजाय तोक्न पाउने अधिकार प्राप्त अड्डाहरूबाट,

तर–

(१) इलाज उपचारको निमित्त वा अन्य कारणबाट श्री ५ को सरकारको सामान्य आदेशद्वारा झिकाइएमा वा अनुमति दिइएमा अन्य जिल्लाबाट आएका कैदी थुनुवाहरू पनि राखिनेछ।

(२) काठमाडौं उपत्यकाको जेल र खोरमा बागमती अञ्चलभित्रका माथिका खण्डहरूको उल्लिखित अड्डा अदालतहरूबाट पठाइएका कैदी थुनुवाहरू राखिनेछ।

(२) उप-नियम (१) मा जेसुकै लेखिएको भए तापनि सदर जेलमा नेपाल अधिराज्यभित्रको कुनै पनि जेलबाट आएका, अन्य सेण्ट्रल जेलहरूमा सो जेलको क्षेत्रभित्रको कुनै पनि जेलबाट आएका तथा जिल्लाका जेलहरूमा सो जेलको क्षेत्रभित्रको कुनै पनि जेलबाट आएका कैदीलाई राखिनेछ।

४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) थुन्न वा कैद गर्न पठाउंदा प्रचलित कानून बमोजिम रीत पुर्‍याउनुपर्ने रीतका अतिरिक्त निम्नलिखित कुरा पनि खुलाई पठाउनुपर्दछ र नखुलेमा सो खुलाई लिनु प्रत्येक जेल अफिसको कर्त्तव्य हुनेछ ।

(क) अदालत, बडाहाकिम, मेजिष्ट्रेट बाहेक अन्य अड्डाको निमित्त कुनै व्यक्तिलाई थुनी कारवाही गर्न पाउने वा कैदको सजाय तोक्न पाउने अधिकार दिने कानूनको नाम र दफा,

(ख) थुनुवा कैदीको नजिकको हकदार,

(ग) सिधा दिइने श्रेणी,

(घ) कानून बमोजिम कैद हुने वा रुपैयां तिर्न नसकेबापत थुनिएको के हो ?

(ङ) जिम्मा लिई आउने व्यक्तिको दर्जा नाम थर,

(च) थुनुवा पूर्जी दिइएको नदिएको ।

५. गोलघरमा राख्ने:– देहाय बमोजिमको कैदीलाई देहायको अवधिसम्म गोलघरको व्यवस्था भएको जेलमा गोलघरमा राख्नुपर्दछ ।

(क) ज्यान सजाय हुने ठहरिएको कैदीलाई ज्यान सजाय नदिउञ्जेलसम्म,

(ख) श्री ५ को सरकारबाट गोलघरमा राख्ने गरी आदेश दिइएका थुनुवा वा कैदीलाई सोही आदेशमा उल्लिखित अवधिसम्म,

(ग) देहायका कसूर गर्ने कैदी वा थुनुवालाई देहायको अवधिसम्मः–

(१) जेलखानाबाट सुरुंग खनी भागी पक्राउ भै आएकालाई १ वर्षसम्म,

(२) पर्खाल वा गारो फोडी भागी पक्राउ भएकालाई ६ महीनासम्म,

(३) पर्खाल नाघी भागी पक्राउ भएकालाई ३ तीन महीनासम्म ,

(घ) खण्ड (ग) मा उल्लिखित कसूरको उद्योग गर्नेलाई त्यस्तो कसूर गरेबापतको अवधिको आधिसम्म,

(ङ) जेलखानाभित्र ५ वा ५ जनाभन्दा बढीको जमात भई हूल दंगा गरी भाग्न खोज्ने प्रत्येकलाई ६ महीनासम्म,

(च) पांच जनाभन्दा घटी भई हूल दंगा गरी जमात बांधी भाग्न खोज्ने प्रत्येकलाई १ महीनासम्म,

(छ) जेलभित्र बदमासी गर्ने, चोरी गर्नेलाई जेलरको तजवीजले ५ पांच दिनदेखि १ महीनासम्म,

तर गोलघरमा राख्नुपर्ने कैदीलाई गोलघरमा राख्दा ठेकिएको कैद म्याद–भन्दा बढी पर्ने गरी गोलघरमा राख्न हुंदैन । कैद बांकी भएजति मात्र राख्नु पर्छ ।

६. बदमासी गरेबापत गोलघरमा राखिने कैदीको जनाउ दिने:– शुरुदेखि गोलघरमा रही कैद भुक्तान गर्नुपर्ने कैदी बाहेक बदमासी गरेबापत गोलघरमा राखिने कैदीहरू गोलघरमा राख्नासाथ कसूर खोली सम्बन्धित बडाहाकिम, मेजिष्ट्रेटलाई जनाउ दिनुपर्छ र शंका देखिएमा सो अड्डाले तुरुन्तै जांच गर्न सक्ने छ ।

५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. थुनुवा वा कैदीको नाम नमेसी खोली राख्नुपर्नेः– सजाय तोकी चलानीसाथ ल्याएका कैदीलाई अनुसूची (१) मा तोकिएको ढांचा बमोजिमको लगत फाराममा नाम, थर, वतन, मुद्दा कैद परेको, छुट्ने मिति, उमेर, हुलिया, नजिकको हकदार नातादार, वारिसको नाम, थर, वतनसमेत खोली छुट्टा छुट्टै पानामा आम्दानी बांधी थपघट भएमा समेत सोही व्यहोरा जनाई पानैपिच्छे जेलर र फांटवालाको छाप लगाई राख्नुपर्छ र म्याद पुगी वा रुपैयां तिरी वा माफी मिह्वा पाई वा मरे भागेमा समेत सोही व्यहोरा जनाई लगत कट्टा गरी जेलर र फांटवालाको छाप लगाई राख्नुपर्छ र म्याद पुगी छुटी गएका बाहेक अन्य अवस्थामा लगत कट्टा भएकोमा थुन्ने अड्डालाई यो सूचना दिनुपर्छ ।

८. नजरवन्दी र थुनुवाको धरौटी किताबमा लेख्नेः– सजाय नतोकी नजरवन्दी वा खाली थुनामा रहने थुनुवा चलानीसाथ बुझाउन ल्याएमा अनुसूची (२) को ढांचा बमोजिमको धरौटी किताबमा बुझाउन ल्याउनेको सहिछापसमेत गराई राख्नुपर्छ ।

९. भरपाई दिनेः– जेल अफिसले आफूकहां बुझाउन ल्याएको थुनुवा वा कैदी बुझी जेलर र फांटवालाको सहिछापपरेको रीत पूर्वकको भरपाई थुन्ने अड्डालाई दिनुपर्छ ।

१०. हाजिर गर्नेः– जेल अफिसको लगत र धरौटी किताब बमोजिमको थुनुवा वा कैदीको नाम र नम्बर पुकारी रोजरोजै हाजिर गरी हाजिर गर्नेले सहिछाप गरी राख्नुपर्छ ।

११. थुनुवा वा कैदीको लगत पेश गर्नेः– श्री ५ को सरकारले सूचना गरेको उत्सवमा थुनुवा वा कैदी छोड्नुपरेमा जेल अफिसले ठेकुवा लगत बमोजिमका थुनुवा वा कैदी-को कैद भुक्तानी कटाई बांकी कैद देखाइएको लगत सम्बन्धित बडाहाकिम वा मेजि-ष्ट्रेटछेउ पेश गर्नुपर्छ ।

१२. छुट्कारा दिंदा साक्षी राख्ने :– (१) जेलमा रहेका कैदीलाई छुट्कारा दिंदा नजिकको नातादार वा साथी भए निजहरू, नभए ३।४ भलाद्मी वा नजिक अड्डा साक्षी राखी छुट्कारा पाएको प्रमाणित गरी सोही दिनमा छुट्वा पूर्जीसमेत दिई छाडिदिनुपर्छ ।

(२) थुनुवालाई छाड्नु पर्दा यथाशक्य थुन्ने अफिसमा पठाइदिनुपर्दछ सो अफिस टाढा भई सम्भव नभएमा मात्र उप–नियम (१) बमोजिम गरी छाडिदिनुपर्छ ।

१३. जनाउ दिनेः– चोरी वा डांका मुद्दामा सजाय पाएको चोर डांका पाली चोरी डकैती गराउने र चोरीको माल लिई सजाय पाएका थुनुवा कैदी छुट्कारा पाएमा पुनः निग्रानी राख्नुपर्ने भन्ने थुन्ने अड्डाले जनाउ दिएको थुनुवा वा कैदी छुटेमा जुन जुन इलाकाको हो सोही नजिक पुलिस ठानालाई जानकारी दिनानिमित्त डि. एस. पी. अफिस भएकोमा सम्बन्धित डि. एस. पी. अफिसमा सो नभएमा जि. पु. इ. आ. मा र सो पनि नभएमा ठानालाई जनाउ दिनुपर्छ ।

२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. बाटो खर्च दिने:– छुट्कारा पाएका कैदी वा थुनुवाहरू मध्ये धेरै टाढाको घरसम्म पुग्न खर्च नहुने व्यक्तिलाई सम्बन्धित बडाहाकिम वा मेजिष्ट्रेटबाट निकासा भए बमोजिम आवश्यक बाटो खर्च दिइने छ।

१५. कैद सजायको म्याद पुगेपछि छुट्कारा दिनुपर्ने:– जेलका कैदी वा थुनुवाहरू मध्ये कैद सजायको म्याद पुगेपछि नछुटी म्याद पुगेका चौबीस घण्टाभन्दा बढ्ता कैद भएमा जसको गफलतले भएको हो उसलाई प्रचलित कानून बमोजिम गर्नुपर्छ।

१६. रुपैयां तिरेमा छुटकारा दिने:– रुपैयां तिर्न नसकी सोबापत कैद सजाय ठेकी थुनिएको कैदी वा थुनुवाले वा कैदी वा थुनुवातर्फका मानिसले रुपैयां तिर्छु भनेमा जेल अफिसले सो दिनसम्मको कैदको अवधिको प्रचलित कानून बमोजिम हुने रुपैयां कट्टा गरी बांकी रुपैयां जुन अड्डा मार्फत् थुनिएको हो वा जुन अड्डामा लगत रहेको छ सो अड्डामा पठाइदिनुपर्छ र सो बमोजिम तुरुन्त लगत काटी छाडिदिनुपर्छ।

## परिच्छेद–३

### जेलको पालो पहरा र रेखदेख

१७. पहरा गर्ने जवानहरूको कर्तव्य:– जेलमा पालो पहरा गर्ने जवानहरूले जेलको ढोका ढोकाहरूमा र जेल परिधि वा पर्खाल बाहिर चारैतर्फ पालैसंग चपट दिई कैदी वा थुनुवाहरू भाग्छन् कि भनी सतर्क रही कैदी थुनुवाहरू भाग्न नपाउने गरी होशियारी–साथ खबरदारी गरी आफ्ना अखडासम्म बराबर टहलिरहनुपर्छ।

१८. सेन्ट्रीको कर्तव्य:– जेलमा पालो पहरा गर्न खटिएका जवानहरूले पालैसंग दस्तूर–माफिक खबरदार बोली रमन घुमे नघुमेको सेन्ट्रीले विचार गरी निजहरूले खबरदार बोलेकोमा सेन्ट्रीले पनि खबरदार बोल्नुपर्छ। सो बमोजिम आफ्नो पालो पुगेपछि निजले अर्को पालेलाई उर्दी सुनाई जिम्मा दिनुपर्छ।

१९. अखडा अखडामा पुगेपछि खबरदार बोल्ने:– जेलभित्र रमन घुम्न खटिएका जवान–हरूले ४ अखडामा बसी पालो बांधी पर्खालको किनारा किनारै घुमी अखडा अखडामा पुग्नासाथ खबरदार बोल्नुपर्दछ सो अखडामा बस्ने पालेले खबरदार बोले नबोलेको सेन्ट्रीले विचार गर्नुपर्दछ। कैदी वा थुनुवाहरू भाग्न उम्कन लागेको देखियो भने अलार्मको सूचना वा आवाज दिई तुरुन्त पक्री जेल अफिसमा बुझाइदिनुपर्छ।

२०. कमाण्डर र अफिसरको काम:– जेलमा रमन घुम्न खटिएका जवानहरूले दस्तूर–माफिक घुमे नघुमेको कमाण्डरले जांची सो बमोजिम नभएमा कमाण्डरले अफिसर–मा र अफिसरले जेलको जेलरलाई र सम्बन्धित तालक अड्डालाई समेत रिपोर्ट दिनपर्छ।

२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–४

### श्रेणी विभाजन र सिधा तथा सुविधाहरू

२१. श्रेणी विभाजनः– (१) कैदीहरू क. र ख. दुई श्रेणीमा बांडिनेछन्। शिक्षा वा रहन सहनले ठूलो औकातमा बस्ने बानी परेकालाई क. श्रेणीमा र बांकी अरूलाई ख. श्रेणीमा राखिने छ।

तर मिचाहा बानी परेका पटके अपराध गर्ने बानी परेका, नैतिकपतन वा निष्ठुर वा कठोर वा पूर्व आयोजित अपराधका अभियुक्तहरू क. श्रेणीमा राखिने छैनन्।

(२) नेपाल सार्वजनिक सुरक्षा ऐन अन्तर्गत नजरबन्द राखिएका कैदीहरू र राजनैतिक वन्दीहरूलाई साधारण तवरले क. श्रेणीमा राखिने छ।

तर मिचाहा बानी परेकालाई क. श्रेणीमा राखिने छैन।

२२. लुगा सम्बन्धी व्यवस्थाः– (१) जेलका कैदी र थुनुवाहरूलाई निम्नलिखितानुसार लुगा बांडिने छः–

(क) मर्दानालाई जाडो समयमा कुर्था एक र सुरुवाल एक तथा गर्मी समयमा कट्टु एक र बुशर्ट एकसमेत गरी जम्मा वर्षको दुई पटक,

(ख) जनानालाई दश हाते धोती र चोलो एक दरले वर्षको दुई पटक,

(ग) नाबालक बालक बालिकालाई कमीज १ सुरुवाल १ वा घांघर १ सुरुवाल १ दरले वर्षको दुई पटक र सुती कपडाको कोट एक गलबन्दी एक र टोपी एक वर्षको एक पटक।

(२) उप–नियम (१) बमोजिम वर्षको दुई पटक लुगा बांड्दा वैशाख र कार्तिक महीनामा बांडिने छ। वर्षको एक पटक बांडिने चाहिं कार्तिक महीनामा दिइने छ। सो बमोजिमको कपडा श्री ५ को सरकार वादी भएको फौज्दारी मुद्दाका कैदीहरूले लगाउनै पर्छ। सो बाहेक अरू कुनै थुनुवा कैदीले आफ्नैतर्फबाट लुगा ल्याएमा सोही लुगा लगाउन दिइने छ।

(३) उप–नियम (१) बमोजिम दिइने लुगाको निमित्त कपडाको किसिम र नमूना बडाहाकिम वा मेजिष्ट्रेटले पास गरिदिए बमोजिम तयार गरी दिइने छ।

तर राजनैतिक वन्दीहरू तथा सुरक्षा कानून अन्तर्गत थुनिएका वन्दीहरूलाई साधारण कैदी वा थुनुवाहरूलाई दिइने लुगाको भन्दा सवाइ दर बढीसम्म मोल पर्ने लुगा दिइने छ।

(४) उप–नियम (१) को अतिरिक्त देहायका प्रकारका चीज देहाय बमोजिम दिइने छः–

(क) प्रत्येक मर्दाना तथा जनाना थुनुवा र कैदीलाई चार हाते काम्लो १, पाखी १, चार हाते कोराको चादर १ हरेक २ वर्षमा एक पटक,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रत्येक कैदी वा थुनुवालाई सुत्न निमित्त डेढ हात चौडाई साढे चार हात लम्बाइको सुकुल एक हरेक ३ वर्षमा एक पटक

(५) यस नियम बमोजिम श्री ५ को सरकारबाट दिइने कपडाको पिठ्यूमा कैदी नम्बर लेखिने छ।

तर राजनैतिक वन्दी तथा सुरक्षा ऐन अन्तर्गत नजरबन्द रहेका वन्दीहरूको लुगामा नम्बर दिइने छैन।

२३. सिधासम्बन्धी व्यवस्थाः– जेलमा थुनिएका कैदी वा थुनुवाहरूलाई देहाय बमोजिम सिधा दिइनेछः–

(१) पहाडतर्फका "क" श्रेणीका कैदी वा थुनुवालाई रोजको असल चामल, डेढ माना र पचास पैसा तथा तराईतर्फकालाई असल चामल तीन पाउ र असी पैसा।

(२) पहाडतर्फ "ख" श्रेणीको कैदी वा थुनुवाहरूलाई रोजको मोटा चामल डेढ माना र नगद २५ पैसा तथा तराईतर्फकालाई मोटा चामल तीन पाउ र तीस पैसा नगद।

(३) नावालकहरूमा–

| | |
|---|---|
| ७ महीनादेखि १ वर्षसम्मकोलाई– | दुई मुठी र।८ पैसा |
| १ वर्ष नाघेदेखि ३ वर्षसम्मकोलाई– | तीन मुठी र।१० पैसा |
| ३ वर्ष नाघेदेखि ५ वर्षसम्मकोलाई– | चार मुठी र।१२ पैसा |
| ५ वर्ष नाघेदेखि ७ वर्षसम्मकोलाई– | पांच मुठी र।१३ पैसा |
| ७ वर्ष नाघेदेखि १० वर्षसम्मकोलाई– | सात मुठी र।१४ पैसा |
| १० वर्ष नाघेदेखि १२ वर्षसम्मकोलाई– | नौ मुठी र।१५ पैसा |

२४. सुत्केरीलाई थप सिधा दिनेः– खोर तथा जेलमा रहेका जनाना कैदी वा थुनुवा सुत्केरी भएमा साविक सिधा माथि थप चामल दश पाथी, घिउ २ धार्नी, तेल बाह्र माना, ज्वानो माना १, ठूलो औषधि दुई पाउ, जाइफल ४ दाना, साधारण राडी १, नगदी रू. ५।–, कोरा गज ३।।, सूठो पाउ एक, जिरा पाउ एक, नून माना दुईसमेत सुत्केरी उतार्ननिमित्त दिइनेछ।

तर उपरोक्त सामान दिंदा दुई महीनाको अवधिभित्र जेलरको तजवीज बमोजिम आवश्यकतानुसार दुईदेखि चार पटक गरी दिइनेछ।

२५. चौकिदारसमेतलाई थप पैसा दिनेः– जेलका थुनुवा वा कैदीमध्येबाट रहने चौकिदारलाई १७ पैसा नाइकेलाई।८ पैसा भाइ नाइकेलाई।६ पैसाका दरले सिधामाथि थप दिइनेछ। यसमा लेखिएदेखिबाहेक अन्य काम कुरामा प्रचलित नेपाल कानून बमोजिमको रीत पुऱ्याई गर्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–५

### भेटघाट वा पत्रव्यवहार गर्ने

२६. **भेटघाट र पत्रव्यवहारको सुबिधाः–** (१) जेलमा रहेका सबै थुनुवा वा कैदीहरूलाई देहायको सुविधा दिइनेछः–

(क) अफिसको टायममा जेलरको रेखदेखमा हप्ताको दुई पटक आफ्ना नातादार र मित्रहरूसंग भेटघाट गर्न पाउनेछ । त्यसरी भेटघाट गर्दा कैदी वा थुनुवा जेलको ढोकाभित्र र भेट गर्न आउने व्यक्ति ढोका बाहिर रही कुरा गर्न पाउनेछ ।

(ख) जेलरले सेंसर गरी पास गरेको प्रत्येक चिट्ठी लिन र एक हप्तामा दुईटासम्म चिट्ठी जेलरद्वारा सेंसर गराई पठाउन सक्नेछ ।

(ग) श्री ५ को सरकारबाट इजाजत प्राप्त वा अनुमति दिइएका अखवार, म्यागिजन तथा किताबहरू लिन पाउनेछ ।

(२) जेलका कैदी वा थुनुवालाई आए गएको चिट्ठीपत्र जेलरले सेंसर गर्दा देश र नरेशलाई हानिकारक प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमको संकेत चिन्ह र सार्वजनिक हित बाहेक कुनै संगठन गर्ने विचार दर्शाएको चिट्ठी पत्र–पत्रिका जफत गरी कारवाइको निमित्त सम्बन्धित बडाहाकिम वा मेजिष्ट्रेट छेउ पेश गर्नुपर्छ ।

## परिच्छेद–६

### थुनुवा र कैदीहरूको चाल चलनको रेकर्ड राख्ने

२७. **बदमासी गर्ने कैदीहरूको किताब खडा गर्नेः–** बदमासी गर्ने कैदीहरूलाई प्रचलित नेपाल कानून बमोजिम सजाये गरी त्यस्तो सजाय पाउनेको नाम नमेसी, गरेको कसूर, पाएको सजाय लेखी किताब खडा गरी राखिनेछ । श्री ५ को सरकारको उत्सवमा छुट्ने लिष्टमा त्यस्ताको नाम लेखी पठाइनेछैन ।

२८. **अपराध गर्ने बानी परेका थुनुवा वा कैदीलाई तोकिएको श्रेणीमा राख्नेः–** (१) "क" श्रेणीका कैदी वा थुनुवामध्ये मिचाहा बानी परेका, पटके अपराध गर्ने बानी परेका, वा नैतिकपतन वा निष्ठुरता, कठोर वा पूर्व आयोजित अपराधका अभियुक्तहरू "क" श्रेणीमा राखिने छैनन् ।

(२) उप–नियम (१) बमोजिम नैतिकपतन भएको कैदी वा थुनुवा पहिले "क" श्रेणीमा भए तापनि नैतिकपतन भए गरेको ठहर भएपछि श्रेणी तोक्ने अड्डालाई सोही कुरा सूचना दिनुपर्छ ।

२९. **असल चाल चलन भएको थुनुवा वा कैदीलाई कैद माफी गर्नेः–** (१) असल चाल चलन भएका कैदी वा थुनुवालाई तोकिएको सजायँमा बढीमा २५ प्रतिशतसम्मको कैद माफी दिन सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जेलभित्र वफादारीसाथ काम गर्ने चौकिदार, नाइके, भाइ नाइके र कामदार-हरूलाई सालसालै काम गरेकोमा क्रमशः चौकिदारलाई १ वर्षको २ महीना, नाइकेलाई १ वर्षको १॥ महीना, भाइ नाइकेलाई १ वर्षको १ महीनाको दरले र कारखानामा गै काम गर्ने कैदी वा थुनुवालाई कारखानाको रिपोर्ट बमोजिम १ महीना राम्रो काम गरे बापत दिन ५ को दरले उप–नियम (१) बमोजिम दिइनेमा थप दिइनेछ ।

(३) उप–नियम (१) र (२) मा लेखिएको कैद सजाय माफी दिनानिमित्त जेलरले आफ्नो रायसाथ बडाहाकिम, मेजिष्ट्रेटमार्फत गृह मन्त्रालयमा पेश गर्नेछन् र भएका निकासा बमोजिम लगत कट्टा गरी छाडिदिनेछन् ।

३०. कैद गर्ने अवधिः– यो नियमावली लागू भएपछि जन्मभर कैदको गणना गर्दा बीस वर्ष कैद गरिनेछ । जेलमा असल चाल चलन भएमा र राम्रो काम गरेमा नियम २९ बमोजिम गरी बढीमा ५ वर्षसम्म कैद सजाय कट्टा गर्न सकिनेछ ।

३१. पढ्नलाई स्कूलको प्रबन्ध गर्नेः– (१) जेलमा थुनिएका केटाकेटीहरू र प्रौढ व्यक्तिहरूको आवश्यकतानुसार प्राथमिक, मिडिल र प्रौढ स्कूलको व्यवस्था र सो स्कूललाई चाहिने आवश्यकीय सहायताको प्रबन्ध गरिनेछ ।

(२) उप–नियम (१) बमोजिम व्यवस्था गरिएको स्कूलमा यथाशक्य जेलमा परेका शिक्षित व्यक्तिहरू मध्येबाट जेलरले योग्य छानी शिक्षकको रूपमा नियुक्त गर्नेछ । शिक्षकको काम गरे बापत निजहरूलाई पारिश्रमिक रूपमा "ख" श्रेणीको भए "क" श्रेणीको सुविधा र मासिक रू. १०।– र "क" श्रणीको भए मासिक रू. ३०।– का दरले पारिश्रमिक दिइनेछ ।

३२. लेक्चर दिनेलाई पारिश्रमिकः– जेलमा रहेको अपराधीहरूलाई निजहरूको खराब मनो-वृत्तिलाई असल रूपमा परिणत गराउने किसिमको लेक्चर विभिन्न योग्य व्यक्तिहरूद्वारा समय समयमा दिलाइनेछ ।

(२) लेक्चर दिने व्यक्तिलाई पारिश्रमिकक ेरूपमा पटक १ मा रू. ३०।– संम दिइनेछ । सो लेक्चर दिने व्यक्ति तथा दिइने लेक्चर र त्यस बापतको पारिश्रमिकबारेमा जेलरले मेजिष्ट्रेट वा बडाहाकिमको निकासा लिई मात्र लेक्चर दिलाउनुपर्नेछ ।

(३) उप–नियम (१) बमोजिम दिइएको लेक्चरको प्रतिलिपि वा टेप रिकर्ड अन्य जेलहरूमा पठाउन सकिनेछ ।

३३. पुस्तकालय र रेडियो केन्द्र राख्नेः– थुनुवा वा कैदीहरूको समय सदुपयोग गर्नलाई श्री ५ को सरकारले तोकिदिएको जेलमा पुस्तकालय र रेडियो श्रवणकेन्द्रसमेत राखिनेछ ।

३४. घरेलु इलम केन्द्रसमेत खोल्नेः– जेलभित्र रहेका कैदीहरूको समयको सदुपयोग गराउन र स्वावलम्बी बनाउनको लागि श्री ५ को सरकारले घरेलु इलमसम्बन्धी कारखाना खोल्न सक्नेछ ।

३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. कारखानामा काम लगाउने:– (१) राजकाज सम्बन्धी मुद्दाको कैदी वा थुनुवाबाहेक अरू कैदी वा कैदिनीहरूलाई जेल कारखानामा काम लगाउन सकिनेछ।

तर राजकाजसम्बन्धी मुद्दाको कैदी वा थुनुवाले चाहेमा कारखानामा काम गर्नलाई यस नियमले वाधा दिनेछैन।

(२) काममा लगाउने कैदी वा थुनुवा झिक्दा काम लगाउने कर्मचारी र जेल अफिसको कर्मचारीसमेत दुवै थरी बसी एक एक गिन्ती गरी लिने दिने गर्नुपर्छ। सो काममा गएका कैदी वा थुनुवा चिन्ने रेखदेख गर्न नाइके १ जवानसमेत पठाउने गर्नुपर्छ।

३६. चोरी गरेमा प्रचलित नेपाल कानून बमोजिम हुने:– कारखानामा काम गर्दा सो कारखानाको मालसामान चोरी गऱ्यो भने चोरी रेको माल बुझी लो प्रचलित नेपाल कानून बमोजिम गर्नुपर्छ।

३७. नगद जम्मा गर्ने र त्यसको भरपाई दिने:– (१) जेलमा कैदी वा थुनुवाहरूले सञ्चित गरी राखेको वा कारखानामा काम गरी कमाएको नगद जेलभित्रै राख्दा चोरी हुन सक्ने हुँदा चाहिएका बखत आवश्यकतानुसार दिने गरी जेल अफिसको धरौटी खातामा प्रचलित नेपाल कानूनको रीत पुऱ्याई आम्दानी खर्च गर्न सकिने छ र सो धरौट राख्न कैदी वा थुनुवालाई धरौटी रहेको अंकको रीतपूर्वकको रसीद दिनुपर्छ।

(२) उप–नियम (१) बमोजिम कैदी वा थुनुवाबाट धरौट रहन आएको रुपैयांहरू देहायका जेलहरूमा जेलरले देहाय बमोजिमको रुपैयांसम्म अफिसको तहबिलमा मौज्दात राख्न सक्ने छ। सोभन्दा बढी नगद नजिक बैंक वा मालको धरौटी खातामा जम्मा गरिदिनुपर्छ।

(क) सदर सेण्ट्रल जेललाई रू. १०००।

(ख) वीरगञ्ज सेण्ट्रल जेललाई रू. ५००।

(ग) विराटनगर सेण्ट्रल जेललाई रू. ५००।

(घ) पाल्पा सेण्ट्रल जेललाई रू. ५००।

(ङ) अरू प्रत्येक जेललाई रू. १००।

३८. स्वास्थ्यको हेरविचार गर्ने:– (१) जेलरले जेलका कैदी वा थुनुवाहरूको स्वास्थ्यको लागि अन्न पानीको राम्रो प्रबन्ध गर्नु पर्छ।

(२) जेलभित्र कैदी वा थुनुवा रहेका ठाउँ ठाउँमा पाइखाना, पिसाब खानाहरूमा समेत दरबन्दी भैरहेका मेहतर, च्यामे भङ्गीहरूद्वारा रोजरोजै सुग्घर सफा गराई चून फिनेल, पोटास इत्यादि छर्न गराउनुपर्छ।

(३) जेलका कैदी वा थुनुवाहरूको स्वास्थ्यनिमित्त कुनै किसिमका बाजी राखी लिन दिन नपाउने गरी जेल सुहाउँदो विभिन्न किसिमको मनोरञ्जन खेलकूदको प्रबन्ध हुन सक्ने छ।

३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. डाक्टर जँचाउने:– (१) जेलका कैदी वा थुनुवाहरू बिरामी भएमा जेल मै अस्पताल भएमा सोही अस्पतालका डाक्टर कम्पाउण्डरले जांची उचित उपचार गर्नु गराउनुपर्छ र जेलमा अस्पताल नभएमा जेलरले नजिक इलाकाको डाक्टर जँचाई सो अस्पतालद्वारा उपचार गराउने गर्नुपर्छ । अरू कैदी वा थुनुवाहरूलाई समेत कुनै किसिमको रोगले आक्रमण हुन नपाउने गरी हप्तामा १ पटक र आवश्यकतानुसार बीच बीचमा डाक्टर भएको ठाउँमा डाक्टरद्वारा र सो नभएको ठाउँमा कम्पाउण्डरद्वारा जँचाउनुपर्छ ।

(२) जेलका कैदी वा थुनुवाहरू मध्ये डाक्टरले जांची उपचारार्थ नेपाल अधिराज्यभित्रको अस्पतालमा भर्ना गर्न वा तत्सम्बन्धी विशेषज्ञद्वारा जांच गराउन पठाउनुपर्छ भनी प्रमाणित गरिदिएकालाई सुरक्षितसाथ लाने ल्याउने र अस्पतालमा भर्ना भएमा पालो पहराको राम्रो प्रबन्ध मिलाउनुपर्छ ।

४०. डिस्पेन्सरी खुला राख्नुपर्ने:– ४०० भन्दा बढी कैदी वा थुनुवा रहने सेण्ट्रल जेलहरूमा डिस्पेन्सरी वा अस्पताल दरवन्दी भैसकेकोमा र दरवन्दी हुनेमा समेत आकस्मिक रोगबाट मौकैमा बचाउनका लागि दरवन्दी बमोजिमको डाक्टर, कम्पाउण्डरले आलो पालो मिलाई चौबीसै घण्टा अस्पताल वा डिस्पेन्सरी खुला राख्नुपर्छ ।

४१. कुलाचार धर्म गर्न पाउने:– प्रचलित नेपाल कानूनको अधीनमा रही थुनुवा वा कैदीले आफ्नो कुलाचार धर्म गर्न पाउने छ ।

## परिच्छेद–७

### भाग्न लागेकोमा हतियार प्रयोग गर्ने तथा भागेकोमा खोज तलास गर्ने

४२. मौका तहकीकातको कागज गर्ने:– कैदी वा थुनुवाहरू भाग्न उद्योग गरेको र भागिसकेकोमा भगाउनेको र उद्योग गर्नेको समेत जेलरले मौका तहकीकातको कागज गराई चलानीसाथ भाग्नखोज्ने र भगाउनखोज्नेसमेतलाई इलाका अदालतमा पठाई कारवाइ सकिएपछि वापस लिनुपर्छ ।

४३. थुनुवा वा कैदी भागेमा खोज तलासको लागि सूचना गर्ने:– (१) कैदी वा थुनुवा भागी गैसकेकोमा निजलाई खोज तलास गर्न निजको नाम, थर, वतन तथा कैद परेको मिति र हुलियासमेत खुलाई इलाका डि. एस. पी. अफिस वा जि. पु. इ. आर. र जिल्ला जिल्लाको गढी गौंडा गोस्वारा र थुन्ने अड्डालाई समेत लिखित सूचना दिई लगतमा जनाउनुपर्छ ।

(२) सो भाग्ने व्यक्ति पक्रिएमा इलाका अदालतमा पठाई सो भागेतर्फ ऐन बमोजिम कारवाइ गराउनुपर्दछ ।

४४. भाग्नलागेको थुनुवा वा कैदीउपर हतियार प्रयोग गर्ने:– (१) जेलको कुनै कैदी वा थुनुवा ढोकामा हूल गरी वा पर्खाल नाघी वा भर्काई वा सुरुङ्ग खनी वा केही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तवरले भाग्न लाग्यो भने सो गर्नलाग्दैमा तुरुन्त पक्रनुपर्छ पक्रंदा निजले हतियार लट्ठी इत्यादि चलाउन लाग्यो वा हूल हुज्जत गऱ्यो भने अवस्था हेरी भाग्न नदिनानिमित्त जुनसुकै हतियार प्रयोग गर्न सकिने छ। सो बमोजिम गर्दा मर्न गएमा हतियार प्रयोग गर्ने व्यक्ति सजायको भागी हुनेछैन।

४५. भाग्नेहरूको लगत राख्ने:– कैदी वा थुनुवाहरू भागेमा त्यस्ताको व्यहोरा साल सालको लगत किताबबाट नक्कल सारी हुलिया र भागेको मितिसमेत लेखी छुट्टै लगत किताब बनाई राख्नुपर्दछ र सो बमोजिम पक्राउ नहुन्जेलसम्म समय समयमा लेखीपढी गरिरहनुपर्दछ।

## परिच्छेद–८

### जेलभित्र माल सामान ल्याउने, लैजाने व्यवस्था र थुनुवा वा कैदी चलान गर्दाको कार्यविधि

४६. आवश्यक माल वस्तु बाहेक अरू ल्याउन लैजान निषेध:– (१) जेलभित्र हातहतियार, डोरी, कांटा, गल इत्यादि कुनै किसिमको घातक हतियार वा मादक पदार्थहरू विषादि चीजहरू र अरू कुनै किसिमको बढी माल वस्तु लान हुँदैन।

(२) जेलभित्रको आवश्यक कामनिमित्त उप–नियम (१) मा लेखिएको कुनै चीज लैजानुपर्दा जेलरले जांची अनुमति दिएको व्यक्तिले अनुमति प्राप्त चीज बीज लैजान सक्तछ र त्यस्तो माल फिर्ता ल्याए नल्याएको वा त्यहां प्रयोग भएको भन्ने सन्तोषजनक विवरण प्रस्तुत गर्नुपर्दछ।

४७. कैदी वा थुनुवा चलान गर्दा मद्दत माग्नुपर्ने:– (१) एक जेलबाट अर्को जेलमा कैदी वा थुनुवा चलान गर्दा मद्दतनिमित्त चाहिने सबै कुरा सम्बन्धित अड्डाबाट निकासा लिई सुरक्षितसाथ भाग्न, उम्कन नपाउने व्यवस्था मिलाई हतकडीसम्म लगाउनुपर्ने भए लगाई चलान गर्नुपर्छ। मद्दत नपुऱ्याई थुनुवा वा कैदी चलान गर्दा भागेमा त्यसरी चलान गर्ने जेलरले जवाफदेही हुनुपर्छ।

(२) रीतपूर्वक सबै मद्दत दिई चलान गर्दा सो चलान गर्नुपर्ने कैदी वा थुनुवा जिम्मा लिई जाने कर्मचारीलाई आफ्नो जिम्माको कैदी वा थुनुवा भागेमा ऐन बमोजिम सजाय हुनेछ भनी स्पष्ट रूपले कडा उर्दी दिई चलानीमा समेत लेखी जिम्मा दिई पठाउनुपर्छ।

४८. कैदी वा थुनुवा भागेमा पक्राउ गर्ने:– कैदी वा थुनुवा चलान गर्दा बाटामा भाग्न लागेमा भरसक त्यहीं पक्रनुपर्छ त्यसै पक्रन नसकिई उम्कन लाग्यो वा हुज्जत गरी हतियारसमेत चलाई जोड जुलूम गर्न लाग्यो भने निजलाई आफूसंग भएको हतियार चलाएर भए पनि पक्रनुपर्दछ। सो बमोजिम गर्दा कैदी वा थुनुवा मर्न गएमा जिम्मा लिई जाने र हतियार प्रयोग गर्ने व्यक्ति सजायको भागी हुनेछैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९. थुनुवा वा कैदी चलान गर्दा नाम नमेसी खुलाई अड्डा सारा गर्नुपर्नेः– (१) कैदी वा थुनुवा एक जेलबाट अरू जेलमा चलान गर्दा सोही जेलको नाउँमा नाम, थर, वतन, मुद्दा कैद परेको मिति, छुट्ने मिति, झगडियाको नाम, हुलिया र सजाय पाएको ऐन नम्बर र थुनामा रहंदा खाएको सिधाको श्रेणीसमेत खुलाई अड्डासारा चलान गर्नुपर्छ। दाखिलभएको भरपाई प्राप्त भएपछि चलान गर्ने अड्डाको लगत कट्टा गर्नुपर्छ ।

(२) अरू जेलबाट सदर जेलमा पठाइएको कैदी वा थुनुवाको हकमा सदर जेलले बुझिलिई त्यसको लगत का. फौ. त. मा पठाउनुपर्छ ।

(३) अड्डा अड्डाबाट कारवाइनिमित्त जेल वा खोरको कैदी वा थुनुवा लिन पठाएमा ऐनको दफा १५ बमोजिम गर्नुपर्छ ।

## परिच्छेद–९

## विविध

५०. काज क्रिया गर्न दिनेः– जेलमा रहेका कैदी वा थुनुवामध्ये राजकाज, गाथ गादीसम्बन्धी मुद्दामा परेको बाहेक अरू कैदी वा थुनुवाहरूले आफले काज क्रिया गर्नुपर्ने आमा, बाबु, स्वास्नी,छोरा, छोरी कोही मरेमा मुर्दा उठाउने हक्दार कोही रहेनछ भने तीन कोसभित्र-सम्म मुर्दा उठाउन र जहांसुकै मरेमा पनि क्रिया गर्नालाई समेत जेलरले पत्याएको जमानी लिई मुर्दा उठाउनपर्नेमा सिपाही साथ लगाई पठाई मुर्दा उठाउन लगाउने र क्रिया गर्नपर्नेमा भाग्न नपाउने पूरा बन्दोवस्त गरी जेलखाना नजिकैको घाट सत्तलमा राखी १३ दिनसम्मलाई क्रिया गर्न दिनुपर्छ ।

५१. कैदी वा थुनुवा मरेमा गर्ने विधिः– (१) जेलका कैदी वा थुनुवाहरू आफ्ना कालगतीले मृत्यु भएमा सो लाश उठाई स्थिति रीति अनुसार दाह संस्कार गर्न मर्नेका नजिक हक्दार वारिस कोही नभएमा वा त्यस्ताले उठाई लैजान नचाहेमा सो लाश दाह संस्कार गर्ने संस्था भएमा सो संस्थालाई दिई श्री ५ को सरकारबाट स्वीकृत दरबन्दी बमोजिम दाह संस्कार खर्च दिनुपर्छ। संस्था नभएमा जुन जात मरेको हो भरसक मिल्दो जातको कैदी वा थुनुवाहरू द्वाराबाट मसानमा लगी स्वीकृति दरबन्दीको खर्चबाट दाह गर्न लगाउनु पर्छ ।

(२) उप–नियम (१) बमोजिम दाह गर्ने चलन नभएको व्यक्ति मरेमा निजको चलन अनुसार गराउनुपर्छ ।

५२. मरे, भागेको थुनुवा कैदीहरूको मालसामानः– (१) जेलमा मरे वा जेलबाट भागेको कैदी वा थुनुवाहरूको जेलभित्र रहेको मालसामानमध्ये पुरानो लुगा फाटा जलाइदिनुपर्छ । अरू बांकीको हकमा ऐन बमोजिम गरी प्रचलित कानून बमोजिमको रीत पुऱ्याई गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) एकजनाभन्दा बढी व्यक्ति म नजिकको हकवाला हूं भनी भन्न आएमा निजहरूलाई प्रचलित कानून बमोजिम हक कायम गरी आउनु भनी सुनाई सहिछाप गराई पठाइदिनुपर्दछ र हक कायम गरी नआउन्जेलसम्म सो सम्पत्ति धरौटी राखिछाड्नुपर्दछ ।

५३. चौकिदार, नाइके, भाइ नाइके भर्ना गर्दाः– चौकिदार, नाइके, भाइनाइके खाली भै भर्ना गर्नुपर्दा जेलरले सबै कैदी वा थुनुवा चिन्न सक्ने असल चाल चलन भएको भरसक लामो अवधिको लागि कैद परेको कैदी वा थुनुवामध्येबाट छानी भर्ना गर्नुपर्छ । भर्ना भैरहेको चौकिदार, नाइके. भाइनाइकेले कानूनको बर्खिलाफ गरेमा ऐन र प्रचलित नेपाल कानून बमोजिम गर्नुपर्ने भए गरी निजको ठाउंमा अर्को भर्ना गर्नुपर्छ ।

५४. पसल राख्न दिनेः– जेलखानाको कैदी वा थुनुवाहरूलाई सुविधाको निमित्त निजहरूले मांगेको मुनासिव माफिकको चीज पाउने गरी जेल इलाकाभित्र जेलरले पसल राख्न दिन सक्नेछ । पसलेले बजारमा चलेको दरमा विक्री वितरण गर्नुपर्छ, घटी बढी गरेमा र सडे पडेको माल विक्री गरेमा पहिला पटक नसिहद दिई पयांक्न लगाउने, दोस्रा पटक पनि गरे निजलाई जेलरले उठाई अर्को पसल वन्दोवस्त गरी राख्नु पर्छ ।

५५. मर्मत गर्ने वा बनाउनेः– जेलमा कुनै कैदी वा थुनुवाले कुनै किसिमले पर्खाल फोरे वा भत्काएमा जेलरले प्रचलित कानून बमोजिम तुरुन्त बनाउन लगाउनुपर्छ ।

५६. मालसामान खरीद विक्री गर्नेबारेः– जेलको मालसामान खरीद विक्री गर्नुपर्दा जेलरले प्रचलित नेपाल कानून बमोजिम गर्नुपर्छ ।

५७. ढोका खोल्ने समयः– झाडा पिसाब गर्नेलाई बाहेक गोलघरभित्रका कैदीको ढोका अरू समयमा बिहान ७ बजेदेखि १० बजेसम्म र दिउंसो ३ बजेदेखि ५ बजेसम्म खुला राख्नुपर्छ, त्यसदेखि अतिरिक्त गोलघरमा २ सांचो मारी १ सांचो नाइकेसंग र १ सांचो जेल अफिसमा राख्नुपर्छ ।

५८. बत्तीको प्रबन्ध गर्नेः– बिजुली बत्ती भएको ठाउंमा बिजुली र बिजुली बत्ती नभएको ठाउंमा प्रत्येक दिन कोठै पिच्छे एक चौथाइका दरले र रमन घुम्न र चौकी चौकीमा लाल्टेन पिच्छे आधा मानाको दरले मट्टितेल दिइनेछ । बिजुली निभेमा चौकीमा डेलाइट १ के मट्टितेल एक मानाका दरले आवश्यकतानुसार दिइनेछ ।

५९. खानेकुरा र अन्य सामान जांच्नेः– जेलभित्र रहेको कैदी वा थुनुवाको निमित्त निजको नातादार इष्ट मित्रहरूले ल्याएको खानेकुरा तथा अन्य सामान जेलरले जांची अनुमति दिएपछि मात्र भित्र लैजान दिनुहुन्छ । खानेकुरा जांच गर्दा सो खानेकुराको केही अंश ल्याउने व्यक्तिलाई नै खान दिई जांच्ने गर्न पनि सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०. कडा रोग लागेका बिरामीलाई अस्पतालमा राख्ने:– कडा रोग लागी बिरामी परेको कैदी वा थुनुवालाई अस्पतालमा राखी इलाज गराउनु पर्दा जेलको तर्फबाट पूरा पालो पहराको साथ राखिनेछ । यसरी अस्पतालमा राखिएकोमा कुनै खास प्रकारको अपराधी वा अभियुक्त व्यक्तिलाई अरूसंग कुरा गर्न नदिनु भनी जेलरले आर्डर दिएमा त्यस्तासंग कुरा गर्न दिइनेछैन ।

६१. आफ्नो खर्चमा उपचार गराउने:– कुनै थुनुवा वा कैदीले आफ्नै खर्चमा चिकित्सा गराउन चाहेमा निजले वा निजको नजिकका नातादार वा मित्रले लिखित दरखास्त जेलरकहां पेश गर्नुपर्दछ । त्यस्तो दरखास्तमा निजले सरकारीया चिकित्सकबाट नगरी अन्य चिकित्सकबाट उपचार गराउन चाहेको कारण स्पष्ट उल्लेख गर्नुपर्दछ । उपचार गर्ने चिकित्सकको नाम, थर, वतन र योग्यतासमेत दरखास्तमा उल्लेख भएको हुनुपर्दछ । उपचार गर्ने चिकित्सक वा कारण मुनासिब नदेखिएमा जेलरले त्यस्तो अनुरोधलाई स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटकहां जाहेर गर्नुपर्दछ ।

६२. अड्डा अदालत उपस्थित गराउने:– (१) ऐनका दफा १५(२) बमोजिम प्राप्त पूर्जीको आधारमा कुनै थुनुवा वा कैदीलाई अड्डा अदालतमा हाजिर गराउंदा लिन आउने सम्बन्धित अड्डा अदालतको जिम्मेवार व्यक्तिको सो कैदी वा थुनुवालाई फिर्ता बुझाउने छु भनी सहिछाप गराई जिम्मा लगाई पठाइदिनुपर्दछ ।

(२) जेलबाट बाहिर कुनै थुनुवा वा कैदीलाई पठाउनुपर्दा निजको निजी सामान केही भए सो सामान नाइके भाइनाइकेको जिम्मा दिनुपर्छ ।

६३. काम सम्पादन गर्ने:– यस नियम बमोजिम अन्य पदाधिकारीको निमित्त तोकिएको बाहेक अरू सबै काम जेलर आफैले वा निजको नियन्त्रणमा रही निजका मातहतका कर्मचारीले गर्न सक्नेछन् र सो सबै कामको निमित्त जेलर आफै जवाफदेही हुनेछन् ।

६४. यस नियमावली बमोजिम गर्ने:– यस नियमावलीमा लेखिएको कुरामा यसै बमोजिम र अरू कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

मुद्रण विभाग

३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १

श्री ५ को सरकार

......... जल अफिस

ठेकुवा लगत

| सि. नं. | नाम थर वतन | झगडियाको नाम | मुद्दा | सजायको महल | | | | थुनिएको मिति | छुट्ने मिति | कैद-कट्टी | उमेर | हुलिया र चिन्ह | सिधाको श्रेणी | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ऐन र नं. | म्यादी कैद | दण्डबिगो कैद | जम्मा कैद | | | | | | | मुद्दाबांकी | छुटी गएको मिति |
| | | | | | | | | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची २

श्री ५ को सरकार

........................ जेल अफिस

२०। । । मा

धरौटी

| सि.नं. | बुझाउनेको नाम, थर, वतन र सहिछाप | थुनुवाको नाम, थर, वतन | सिधा श्रेणी | दाखिला मिति | हुलिया-समेत | मुद्दा | परेको मिति | कैद सजाय ठेक्ने बारे अपील शुन्ने अड्डामा लेखि गएको अड्डा र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

आज्ञाले–

मे. ज. क्षेत्रविक्रम राणा,

श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

539

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।